आज मिति २०८२ चैत्र १९ गते भीरकोट नगरपालिकाका नगरप्रमुख श्री गोविन्दकुमार कर्माचार्यज्यूको अध्यक्षतामा देयाहबमोजिमको उपस्थितिमा १३७ औं नगर कार्यपालिका बैठक बसि निम्नानुसार निर्णय गरियो।

**उपस्थिती**

| नामथर | पद | दस्तखत |
| --- | --- | --- |
| श्री गोविन्द कुमार कर्माचार्य | नगर प्रमुख | |
| श्री भगवती रेग्मी अर्याल | नगर उपप्रमुख | |
| श्री दिपेन्द्र के.सी. | वडा अध्यक्ष वडा नं. १ | |
| श्री श्यामकाजी अधिकारी | वडा अध्यक्ष वडा नं. २ | |
| श्री केशर बहादुर खड्का | वडा अध्यक्ष वडा नं. ३ | |
| श्री रत्न प्रकाश श्रेष्ठ | वडा अध्यक्ष वडा नं. ४ | |
| श्री कृष्ण बहादुर थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| श्री लक्ष्मण खत्री क्षेत्री | वडा अध्यक्ष वडा नं. ६ | |
| श्री तारा प्रसाद अर्याल | वडा अध्यक्ष वडा नं. ७ | |
| श्री नन्दलाल खनाल | वडा अध्यक्ष वडा नं. ८ | |
| श्री चित्र बहादुर राना भुजेंल | कार्यपालिका सदस्य | |
| श्री गंगा बहादुर जि. टी. | कार्यपालिका सदस्य | |
| श्री विष्णु माझी | कार्यपालिका सदस्य | |
| श्री बिन्दु खड्का | कार्यपालिका सदस्य | |
| श्री एकमाया घर्ती थापा | कार्यपालिका सदस्य | |
| श्री पार्वती के.सी. | कार्यपालिका सदस्य | |
| श्री ओम कुमारी कोइराला | कार्यपालिका सदस्य | |
| श्री खैसरा वि.क. | कार्यपालिका सदस्य | |
| श्री लक्ष्मण लम्साल | प्रमुख प्रशासकीय अधिकृत | |

**अन्य उपस्थिति**

| | | |
| --- | --- | --- |
| श्री सिताराम खनाल | प्रशासकीय अधिकृत | |
| श्री याम प्रसाद रेग्मी | योजना अधिकृत | |

## मिति २०८२।१२।१९ गतेको १३७ औ कार्यपालिका बैठकका कार्यसूचिहरु

१. भीरकोट नगरपालिका अन्तर्गतको आँधिखोला क्षेत्रको नदीजन्य पदार्थ व्यवस्थापन तथा ठेक्का सम्झौता सम्बन्धमा ।

२. सिम्ले बगर र भीरकोट पार्क बगर क्षेत्रको नदीजन्य पदार्थ उत्खनन्, संकलन र ढुवानी कार्य रोक्का गर्ने सम्बन्धमा ।

३. जिल्ला प्रशासन कार्यालय र जिल्ला विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिको निर्णयानुसार नगपालिका अन्तर्गतको क्यूरंह बगर क्षेत्रबाट ७३७७.३ घ.मि. र एकुवार बगर क्षेत्रबाट १४५८.१८ घ.मि. नदीजन्य पदार्थ उत्खनन, ढुवानी तथा घाटगद्दी व्यवस्थापन सम्बन्धमा ।

४. विभिन्न वडाहरुमा ग्रामिण सडक सरसफाई खर्च रकम भुक्तानी सम्बन्धमा ।

५. नगरपालिका अन्तर्गतका सार्वजनिक बाटोहरुको लगतकट्टा गरी कित्तानापी नक्सामा अध्यावधिक गर्नका लागि प्रस्ताव पेश गर्ने सम्बन्धमा।

६. नगरसभाबाट स्वीकृत बजेटको परिधिभित्र रही विभिन्न योजनाहरुमा बजेट रकम विनियोजन गर्ने सम्बन्धमा।

७. साविकमा जिल्ला विकास/जिल्ला समन्वय समितिमा दर्ता भइ संञ्चालनमा रहेका खानेपानी आयोजना/उपभोक्ता समितिको विवरण एकिन गरी लेखा परीक्षण गराइ नवीकरण प्रक्रिया अगाडी बढाउने सम्बन्धमा ।

८. नगरपालिकाको आवधिक योजना निर्माणका लागि TOR र लागत स्टिमेट स्वीकृत तथा निर्माण कार्य अगाडि बढाउने सम्बन्धमा ।

९. स्वीकृत बजेटको परिधिभित्र रही बजेट रकम विनियोजन गर्ने सम्बन्धमा ।

१०. राष्ट्रिय आर्थिक गणना सञ्चालन सम्बन्धी प्रशासनिक तथा आर्थिक मापदण्ड बमोजिमको स्थानीय आर्थिक गणना समन्वय समिति गठन गर्ने तथा आवश्यक समन्वय र सहयोग गर्ने सम्बन्धमा ।

११. भीरकोट नगरस्तरिय बसपार्कलाइ सु-व्यवस्थित एवं प्रभावकारी रुपमा संञ्चालन सम्बन्धमा सरोकारवालाहरुसँग छलफल परामर्श गर्ने तथा जग्गाको भाडा भुक्तानी सम्बन्धमा ।

१२. साविकमा जिल्ला स्तरिय कार्यालयबाट वितरण गरिएका अपाङ्गता परिचयपत्र अद्यावधिक गर्ने सम्वन्धमा।

१३. गण्डकी प्रदेशबाट आगामी आ.ब.२०८३/८४ मा कार्यान्वयन हुनेगरी समपुरक तथा विशेष अनुदान तर्फका आयोजनाहरु प्राथमिकता सहित प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

१४. भीरकोट नगरपालिका वडा नं.०५ अन्तर्गत टोल विकास संस्थाका संयोजक तथा सदस्यहरुलाइ वितरण गरिएको प्लाष्टिक/त्रिपाल तथा HDEP पाइपको खरिदको रकम भुक्तानी सम्बन्धमा ।

१५. मापदण्डको कारण रोक्का भएको नदीजन्य पदार्थ उत्खनन ठेक्का प्रयोजनका लागि दाखिला भएको राजश्व रकम फिर्ता सम्बन्धमा ।

१६. नगरपालिकाको एक्साभेटर मर्मत संभारको लागि लागत इष्टिमेट बमोजिम मर्मत संभार गर्ने सम्वन्धमा।

१७. नगरसभावाट स्वीकृत बजेटको परिधिभित्र विद्यालयको रङ्गरोगन कार्यमा भएको खर्च रकम भुक्तानी सम्बन्धमा ।

## मिति २०८२।१२।१९ गतेको १३७ औ कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं १

भीरकोट नगरपालिकाको आय ठेक्का नं. (BM/RBHB/SQ/03/082/83) रानीरह बगर देखि हेलु बगरसम्मको आय ठेक्का सार्वजनिक खरिद ऐन र नियमावली बमोजिम डि एण्ड डि कन्स्ट्रक्सन प्रा.लि. ले कुल ३५६१.०४ घ.मि. का लागि रु. २१,५१,०००/- (भ्याटसहित) कबोल गरेकोमा ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ पहिलो (संशोधन) बमोजिम रानीरह बगर, माथिल्लो खेलमैदान बगर र लामाचौर झोलुङ्गे पुल क्षेत्र मापदण्डमा परेको हुदा उक्त क्षेत्र बाहेक तपसिल बमोजिमको क्षेत्रमा IEE प्रतिवेदनले तोकेको परिणामको नदीजन्य पदार्थ निज डि एण्ड डि कन्स्ट्रक्सन प्रा.लि.ले कबोल गरेको राजश्व अनुपातको गणना गरी प्रचलित कानुन बमोजिम ठेक्का सम्झौता अघि बढाउने ।

तपसिल

| अवस्थिति | उत्खनन गर्न सकिने परिमाण (घनमिटर) | नदीजन्य पदार्थ किसिम | कबोल अंक (प्रति घनमिटर) | कुल कबोल अंक रु. |
|---|---|---|---|---|
| हेलु बगर, दह्रौखोला निर र रक्सीभट्टी बगर | २६३२ | ढुंगा, गिट्टी ग्राभेल | ६०३ (भ्याट सहित) | १५,८७,३३७.२ |
| जम्मा | | | | १५,८७,३३७.२ |
| VAT | | | | २,०६,३५४ |
| TDS | | | | २३,८११ |

**निर्णय नं.२**

भीरकोट नगरपालिका अन्तर्गतको सिम्ले बगर र भीरकोट पार्क बगर क्षेत्र आंधीखोलाको दाँया किनाराको नदीजन्य पदार्थ उत्खनन् सम्बन्धमा ढुंगा, गिटी बालुवा उत्खनन्, विक्रिवितरण तथा व्यवस्थापन सम्बन्धी(पहिलो संशोधन) मापदण्ड,२०७७ बमोजिम सर्मिला निर्माण सेवा, भीरकोट-०४ र यस नगरपालिकासँग भएको सम्झौताका शर्त बमोजिम हालसम्म उक्त निर्माण सेवाबाट उत्खनन, संकलन र ढुवानी गरिएको नदीजन्य पदार्थको परिमाणको स्थलगत प्राविधिक नापजाच गरी परिमाण एकिन गर्नुपर्ने भएको हुँदा उक्त नापजाँच कार्य नसकिएसम्म उल्लेखित स्थलबाट नदीजन्य पदार्थ उत्खनन्, संकलन र ढुवानी कार्य रोक्का गर्ने ।

लम्साल
प्रमुख प्रशासकीय अधिकृत

गोविन्द कुमार कार्की
नगर प्रमुख

गोविन्द कुमार कार्याचार्य
नगर प्रमुख

**निर्णय नं ३**

जिल्ला प्रशासन कार्यालय स्याङ्जाको मिति २०८२/१२/१५ को पत्रानुसार जिल्ला विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति, स्याङ्जाको मिति २०८२/१२/०९ को निर्णयानुसार यस नगपालिका अन्तर्गतको क्यूरह बगर क्षेत्रबाट ७३७७.३ घ.मि. र एकुवार वगर क्षेत्रबाट १४५८.१८ घ.मि. नदीजन्य पदार्थ उत्खनन, ढुवानी तथा घाटगद्दी कार्य देहायबमोजिम गर्ने ।

- उत्खनन, ढुवानी तथा घाटगद्दी कार्य मिति २०८२/१२/२२ गते देखि २०८३ साल बैशाख ११ गतेभित्र सम्पन्न गर्ने,

- नदीजन्य पदार्थको उत्खनन् कार्यका देहायका हेभि इक्वीपमेन्ट प्रयोग गर्ने,

| क्र.स. | सवारी साधन किसिम | सवारी साधन नं. | सवारी साधन स्वामित्व |
|---|---|---|---|
| १ | इस्काभेटर | प्रदेश ०३-०१-००१ ग ३७५५ | नगरपालिका |
| २ | टिप्पर | ग.०१-००१ग ०००१ | नगरपालिका |
| ३ | टिप्पर | ग ५ क ५४०६ अथवा ग १ क ६३४० | निजी |
| ४ | टिप्पर | बा ५ क ६५८६ | निजी |
| ५ | टिप्पर | ना ७ ख ५३७९ | निजी |

- उत्खनन गरिएको नदीजन्य सामग्री भीरकोट नगरपालिका वडा नं. ०१ आधिखोला बाया किनारामा अवस्थित नगरपालिकाको ग्रिजि भाइब्रेटर मेसिन परिसर भित्र भक्त बहादुर के.सी. को स्वामित्वमा रहेको कि.न. ८८९ र प्रकाश के.सी.को स्वामित्वमा रहेको कि.न.८०६ र ८९० को जग्गामा घाटगद्दि गरी राख्ने,
- उत्खनन् अवधिभर नगरप्रहरीलाई उत्खनन् र घाटगद्दी स्थलमा निरीक्षण निगरानी गर्ने साथै दैनिक उत्खनन् परिमाण समेत अद्यावधिक गर्ने ढाँचा तोकि स्थलगत रुपमा खटाउने,
- उत्खनन र ढुवानी अवधि बिहान ७.०० बजेदेखि साझ ६.०० बजेसम्म कायम गर्ने,
- दुई वटै तोकिएको क्षेत्रबाट उत्खनन् गरी घाटगद्दी गरिएको परिमाण नापजाँच गरी प्रमाणित गरी राख्ने,
- घाटगद्दी परिमाण एकिन गरिसकेपछि प्रदेश सरकारले तोकेको राजश्वबमोजिम सार्वजनिक खरिद ऐन,२०६३ र सार्वजनिक खरिद नियमावली,२०६४ बमोजिम बिक्रि प्रक्रिया अगाडि बढाउने,
- उत्खनन, ढुवानी र घाटगद्दीको कार्य अवधिभर नगरपालिकाले निरन्तर अनुगमन, निरीक्षण र निगरानी राख्ने साथै सो उत्खनन, ढुवानी तथा घाटगद्दी अवधिमा जिल्ला प्रशासन कार्यालय,जिल्ला प्रहरी कार्यालय र जिल्ला समन्वय समितिसँग निरन्तर समन्वय, सम्पर्क र सहकार्य गरी कार्यसम्पादन गर्ने ।

लम्साल
प्रमुख प्रशासकीय अधिकृत

गोविन्द कुमार कार्याचार्य
नगर प्रमुख

निर्णय नं ४

भीरकोट नगरपालिकाको चालू आ.व. २०८२/८३ मा नगरसभाबाट स्वीकृत बजेटको परिधिभित्र रही भीरकोट नगरपालिका अन्तर्गतका तपसिल बमोजिमका वडाहरुमा सडक सरसफाईको कार्य सम्पन्न गरी सम्बन्धित वडाको सिफारिस, रुजु घण्टा प्रमाणित, सम्झौता तथा प्राविधिक कार्यसम्पादन मूल्यांकन संलग्न राखि रकम भुक्तानीको लागि यस कार्यालयमा पेश हुन आएका देहाय बमोजिमको रकम भुक्तानी दिने ।

तपसिल

| क्र.स | वडा नं. | भुक्तानी दिने व्यक्ति/संस्था/निकाय | भुक्तानी दिने रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १. | वडा नं. ०२ | किस्मत कन्स्ट्रक्सन इन्जिनियरिङ् एण्ड सप्लायर्स प्रा.लि, भीरकोट-०१ | १४,२०२/- | |
| २. | वडा नं. ०८ | किस्मत कन्स्ट्रक्सन इन्जिनियरिङ् एण्ड सप्लायर्स प्रा.लि, भीरकोट-०१ | ८३,११७/- | |
| ३. | वडा नं. ०३ | किस्मत कन्स्ट्रक्सन इन्जिनियरिङ् एण्ड सप्लायर्स प्रा.लि, भीरकोट-०१ | १,२२,६३०/- | मेयर संबोधन भौतिक तथा पूर्वाधार मर्मत |

निर्णय नं ५

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, पोखराको स्वीकृत वार्षिक कार्यक्रम अनुसार भीरकोट नगरपालिका अन्तर्गतका तपसिल बमोजिमका सार्वजनिक बाटोहरुको लगतकट्टा गरी कित्तानापी नक्सामा अध्यावधिक गर्नका लागि भीरकोट नगरपालिकाको २० प्रतिशत लागत साझेदारिमा संञ्चालन गर्नेगरी कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयमा प्रस्ताव पेश गर्ने ।

तपसिल

| क्र.सं. | बाटोको नाम | लम्बाई | चौडाई | बाटोको प्रकृति | बाटोको स्तर | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | चाम्थुङ्ग-शिरकोट-पिपलडाँडा सडक | १.५ कि.मि. | ८ मिटर | पिच/कच्चि | राष्ट्रिय | जिल्ला सडक |
| २. | बगरेबजार-गोदीखोलागाँउ-मोहनडाँडा-ठाडोखोरिया-ठुलीभञ्जयाङ्ग-ज्यामिरे सडक | ६.९३ कि.मि. | ८ मिटर | पिच/कच्चि | राष्ट्रिय | जिल्ला सडक |
| ३. | सिद्धार्थ राजमार्ग-बगरेबजार-तिलहारनेटा-स्वरेककोट सडक | ५.८७ कि.मि. | ८ मिटर | पिच/कच्चि | राष्ट्रिय | जिल्ला सडक |
| ४. | सिद्धार्थ राजमार्ग-बयरघारी-दहथुमठाँटी-बानेथोक-देउराली सडक | १२.६५ कि.मि. | ८ मिटर | पिच/कच्चि | राष्ट्रिय | जिल्ला सडक |
| ५. | बगरेबजार-खिलुङ्ग सडक | ५.६० कि.मि. | ७ मिटर | पिच/कच्चि | स्थानीय | नगर सडक |

नगर प्रमुख

निर्णय नं ६

भीरकोट नगरपालिकाको चालू आ.व. २०८२/८३ मा नगरसभावाट स्वीकृत बजेटको परिधिभित्र रही तपसिलको योजनामा देहायवमोजिमको शिर्षकबाट बजेट रकम विनियोजन गरी नियमानुसार कार्यान्वयन प्रक्रिया अगाडी बढाउने।

तपसिल

| क्र.स | योजनाको नाम | वडा नं. | विनियोजित बजेट | बजेट शिर्षक |
|---|---|---|---|---|
| १ | खाल्टा पदमार्ग उपभोक्ता समिति | भी.न.पा. ७ | १,५०,००० | मेयर संवोधन भौतिक तथा पुर्वाधार मर्मत |
| २ | दीपज्योती आधारभुत विद्यालय | भी न पा २ | ५०,००० | मेयर संवोधन भौतिक तथा पुर्वाधार मर्मत |
| ३ | कश्यप गोत्रीय घिमिरे कुल मन्दिर | भी न पा ८ | १००००० | मेयर संवोधन भौतिक तथा पुर्वाधार मर्मत |
| ४ | रिजु वास्तरा अम्वोट सडक | भी न पा ३ | ९०००० | मेयर संवोधन भौतिक तथा पुर्वाधार मर्मत |
| ५ | वैदीखोला वेलडाँडा सडक | भी न पा ५ | १००००० | मेयर संवोधन भौतिक तथा पुर्वाधार मर्मत |
| ६ | भतेरपाटा देउपुजे वालिङ सडक | भी न पा ३ | १६०००० | मेयर संवोधन भौतिक तथा पुर्वाधार मर्मत |
| ७ | दलित विपन्न अल्पसंख्याक उत्थान कार्यक्रम | भी. न पा ९ | १००००० | विपन्न दलित अल्पसंख्याक उत्थान कार्यक्रम |
| ८ | अर्वेणी कुलो मर्मत | भी.न.पा. ६ | ५०००० | मेयर संवोधन कृषि तथा साना सिचाई |
| ९ | फोक्सिङ निबुवाबोट सिचाई योजना | भी.न.पा. ६ | १८०००० | मेयर संवोधन कृषि तथा साना सिचाई |
| १० | नेवारगाउँ खानेपानी टंकी निर्माण | भी न पा १ | १५०००० | मेयर संवोधन खानेपानी तथा मर्मत संभार |
| ११ | दार्सिङ वगैचाटोल गोरेटोवाटो | भी न पा १ | ५०००० | मेयर संवोधन भौतिक तथा पुर्वाधार मर्मत |
| १२ | कुल्याङ खोल्सा वाटो निर्माण | भी न पा १ | ६०००० | मेयर संवोधन भौतिक तथा पुर्वाधार मर्मत |
| १३ | पाङ्गेखोला सार्वजनिक शैचालय | भी न पा १ | १५०००० | मेयर संवोधन भौतिक तथा पुर्वाधार मर्मत |

नगर प्रमुख

| क्र.स | योजनाको नाम | वडा नं. | विनियोजित बजेट | बजेट शिर्षक |
|---|---|---|---|---|
| १४ | धारापानी सुल्टुवारी सडक | भी न पा ३ | १४५००० | मेयर संवोधन भौतिक तथा पुर्वाधार मर्मत |
| १५ | भलुवाडाँडा जाने सडक वाल निर्माण | भी न पा १ | ६०००० | मेयर संवोधन भौतिक तथा पुर्वाधार मर्मत |
| १६ | भलुवा डाँडा नेवार गाउँ खानेपानी योजना | भी न पा १ | १८५००० | मेयर संवोधन खानेपानी तथा मर्मत संभार |

निर्णय नं ७

साविकमा जिल्ला विकास/जिल्ला समन्वय समितिमा दर्ता भइ संञ्चालनमा रहेका भीरकोट नगरपालिका अन्तर्गतका खानेपानी आयोजना/उपभोक्ता समितिको विवरण एकिन गरी नवीकरण प्रयोजनका लागि नगरपालिकाले विवरण संकलन गरी एकमुष्ठ लेखा परीक्षण गराइ नवीकरण प्रक्रिया अगाडी बढाउने।

निर्णय नं ८

भीरकोट नगरपालिकाको दोस्रो आवधिक योजना निर्माण गर्नुपर्ने भएको हुँदा आवधिक योजना निर्माणका लागि TOR र लागत स्टिमेट स्वीकृत गरी आवधिक योजना निर्माण कार्य नियमानुसार अगाडि बढाउने।

निर्णय नं ९

भीरकोट नगरपालिकाको चालू आ.व. २०८२/८३ मा नगरसभाबाट स्वीकृत बजेटको परिधिभित्र रही तपसिलको योजनामा देहायबमोजिमको शिर्षकबाट बजेट रकम विनियोजन गरी नियमानुसार कार्यान्वयन प्रक्रिया अगाडी बढाउने।

तपसिल

| क्र.स | योजना कार्यान्वयन गर्ने संस्थाको नाम | वडा नं. | विनियोजित बजेट | बजेट शिर्षक |
|---|---|---|---|---|
| १ | लुब्दीखोला युवा परिवार | ६ | ३१ हजार | युवा तथा खेलकुद कार्यक्रम |

निर्णय नं १०

राष्ट्रिय आर्थिक गणना सञ्चालन सम्बन्धी प्रशासनिक तथा आर्थिक मापदण्ड,२०८२ बमोजिम आर्थिक गणना सम्बन्धमा प्रमुख प्रशासकीय अधिकृतद्वारा जानकारी प्रदान गर्नुभयो । साथै उक्त मापदण्ड बमोजिमको स्थानीय आर्थिक गणना समन्वय समिति गठन गर्ने र आर्थिक गणनाका लागि नगरपालिकाले आवश्यक समन्वय र सहयोग गर्ने ।

निर्णय नं ११

भीरकोट नगरपालिका रहेको बसपार्कलाइ सु-व्यवस्थित रुपमा संञ्चालन गर्नका लागि सरोकारवालाहरु सँग आवश्यक छलफल र परामर्श गरी थप प्रभावकारी रुपमा संञ्चालन गर्ने र उक्त बसपार्क संञ्चालनका लागि भाडामा लिइएका निजि जग्गाहरुको चालु आ.ब.को जग्गा भाडा वापतको रकम भुक्तानी गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं १२

साविक जिल्ला स्तरिय महिला विकास कार्यालय तथा भीरकोट नगरपालिकाबाट वितरण भएका भीरकोट नगरपालिका अन्तर्गत रहेका पूर्ण, अति अशक्त तथा सबै प्रकारका अपाङ्गता भई वितरण भएका अपाङ्गता परिचयपत्र भीरकोट नगरपालिका अन्तर्गत रहेको अपाङ्गता वितरण समितिले सबै वडाहरुमा घुम्ति शिविरको रुपमा गई अपाङ्गता परिचयपत्र अद्यावधिक गर्ने ।

निर्णय नं १३

गण्डकी प्रदेश नीति तथा योजना आयोग, पोखराको च.नं. १९०, मिति २०८२/१२/०४ को प्राप्त पत्रानुसार गण्डकी प्रदेश सरकारबाट आगामी आ.ब.२०८३/८४ मा भीरकोट नगरपालिकामा कार्यान्वयन हुनेगरी तपसिल बमोजिमका समपुरक तथा विशेष अनुदान तर्फका आयोजनाहरु प्राथमिकता सहित प्रस्ताव गर्ने ।

तपसिल

क. समपुरक अनुदान तर्फको आयोजना

| क्र.स. | आयोजनाको नाम | ठेगाना | लागत अनुमान बमोजिमको बजेट रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | छेक्नेबांटो सुन्दरचौर हुँदै पासिनडाँडा जाने बाटो | वडा नं. ६ र ७ | १ करोड | |
| २ | सुन्दरबजार स्वरेक मैदान सिर्कोट हुँदै पर्वत जाने पर्यटकिय सडक | वडा नं. ५, ९ | १ करोड | |

ख. विशेष अनुदान तर्फको आयोजना

| क्र.स. | आयोजनाको नाम | कार्यान्वयन हुने क्षेत्र | बजेट रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | एकिकृत कृषि तथा पशु विकास कार्यक्रम | भीरकोट नगरपालिका (वडा नं.१-९) | ४० लाख | |

निर्णय नं १४

भीरकोट नगरपालिका वडा नं.०५ को खानेपानी तथा सरसफाई योजना उपभोक्ता समिति/वडा समितिले वडाभित्रका वासिन्दाहरुको आवश्यकतालाई मध्यनजर गरी खरिद गरी टोल विकास संस्थाका संयोजक तथा सदस्यहरुलाइ वितरण गरिएको प्लाष्टिक/त्रिपाल तथा HDEP पाइपको संलग्न बिल बमोजिमको रकम रु.९८,८२३। ठुलिभञ्याङ गाउँ शहर स्टोर, बयरघारी लाई वडा नं. ०५ अन्तर्गत विनियोजित खानेपानी तथा सरसफाई बजेट शिर्षकबाट भुक्तानी दिने ।

[illegible]
प्रमुख प्रशासकीय अधिकृत

[illegible] कुमार कर्माचार्य
नगर प्रमुख

निर्णय नं १५

भीरकोट नगरपालिकाको मिति २०८२/०७/२४ गतेको नगरकार्यपालिका बैठकबाट नदीजन्य पदार्थको बिक्रिसम्बन्धी सूचना अनुसारको ओडारे मुनि बगर क्षेत्रको ३४२५.४९ घ.मी. नदीजन्य पदार्थ उत्खनन् तथा बिक्रिका लागि के एण्ड कन्स्ट्रक्सन, भीरकोट को ठेक्का अनुमोदन गरी सम्झौताका लागि पत्राचार गरिएकोमा जिल्ला प्रशासन कार्यालय तथा जिल्ला समन्वय समिति, स्याङ्जाको निर्देशन, जिल्ला समन्वय समितिमा मिति २०८२/०८/२१ मा भएको छलफल समेतका आधारमा झोलुङ्गे पुल र पक्की पुलको मापदण्डको कारण ठेक्का कार्य अगाडि बढाउन नसकिएकाले यस नगरपालिकाको आय ठेक्का (BM/RBH/SQ/01/082-83) रद्दगर्ने ।साथै के एण्ड के कन्स्ट्रक्सनले उक्त कार्यवापतको नगरपालिकाको आन्तरिक आय राजश्व खातामा दाखिला गरेको रकम रु.६,७०,३५३।—फिर्ता प्रक्रिया नियमानुसार अघि बढाउने।

निर्णय नं १६

नगरपालिकाको स्वामित्वमा रहेको प्रदेश ०३-०१-००१ ग ३७५५ नम्बर को एक्साभेटर थप मर्मत संभार गर्नुपर्ने भएको हुँदा नगरपालिकामा कार्यरत मेकानिकल सवइन्जिनियरले तयार पारेको देहायबमोजिमको लागत इष्टिमेट बमोजिम आधिकारिक डिलरबाट मर्मत संभारको कार्य अगाडि बढाउने।

| क्र.स. | पार्टपुर्जाहरू फेर्नुपर्ने कारण | सामानहरुको स्पेशिफिकेशन | एकाई | परिमाण |
|---|---|---|---|---|
| १ | Repair/Renew | HOSE (1035422) | Nos. | १ |
| २ | | HOSE (1048838) | Nos. | १ |
| ३ | | PIN-TCK MAST | Nos. | १ |
| ४ | | SEAL (1661494) | Nos. | १ |
| ५ | | TOOTH | Nos. | ६ |
| ६ | | HOSE (1061374) | Nos. | १ |
| ७ | | KIT-PUMP | Nos. | १ |
| ८ | | CAT HYDO ADVANCED 10 PAIL (20L) | Nos. | ३ |
| ९ | | ELC PREMIX 20 LTR | Nos. | १ |
| १० | | CAT UTILITY GREASE PAIL 35.2LB/16 Kg | Nos. | १ |
| ११ | | FLANGE | Nos. | १ |
| १२ | | BOLT TRACK | Nos. | ६० |
| १३ | | NUT TRACK | Nos. | ६० |

लक्ष्मी... लम्साल
प्रमुख प्रशासकीय अधिकृत

गोविन्द कुमार ...
नगर प्रमुख

निर्णय नं १७

भीरकोट नगरपालिकाको चालू आ.व. २०८२/८३ मा नगरसभाबाट स्वीकृत बजेटको परिधिभित्र भीरकोट नगरपालिका वडा नं. ०८ स्थित श्री अमर आधारभुत विद्यालयको रङ्गरोगन कार्य सम्पन्न भएको हुँदा तपसिल बमोजिमको बजेट शिर्षकबाट रकम भुक्तानी दिने ।

<u>तपसिल</u>

| क्र.स. | भुक्तानी दिने व्यक्ति/संस्था/निकाय | भुक्तानी दिने बजेट शिर्षक | भुक्तानी दिने रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १. | अमर आधारभुत विद्यालय, भीरकोट-०८ | विभिन्न संघसंस्था अनुदान | ५०,०००। | |

गोविन्द कुमार कर्माचार्य
नगर प्रमुख